# व्यवसायिक पशुपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावना :** व्यवसायिक पशुपालन कार्यक्रम व्यवस्थित, पारदर्शी र प्रभावकारी ढङ्गले सञ्चालन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गौरीगंज गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "व्यावसायिक पशुपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" रहेको छ।

क) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "अनुदान" भन्नाले कार्यक्रम संचालनका लागि सम्बन्धित साझेदारलाई गाउँपालिकाबाट प्रदान गरिने रकमलाई सम्झनु पर्दछ।

ख) "कार्यविधि" भन्नाले व्यवसायिक पशुपालन कार्यक्रम संचालन कार्यविधि, २०७७ सम्झनु पर्दछ।

ग) "कार्यक्रम" भन्नाले व्यवसायिक पशुपालन कार्यक्रम सम्झनु पर्दछ।

घ) "कार्यालय प्रमुख" भन्नाले सम्बन्धित कार्यालयको प्रमुखलाई सम्झनु पर्दछ।

ङ) "पकेट क्षेत्र" भन्नाले तुलनात्मक हिसाबले निश्चित जातका पशुहरुको संख्यात्मक उपस्थिति बढी भएको तथा भौगोलिक र वातावरणीय उपयुक्तताका कारण त्यस्ता पशुपालन प्रवर्द्धन गरिएको वा गर्न सकिने क्षेत्रलाई सम्झनु पर्दछ।

च) "पशुजन्य उत्पादन" भन्नाले दुध, फुल, मासु वा सो बाट तयार हुने प्रशोधित वा अप्रशोधित उपभोग्य खाद्य पदार्थ सम्झनु पर्दछ।

छ) "प्रस्ताव" भन्नाले सम्बन्धित कार्यालयले यस कार्यविधि बमोजिम कार्यक्रम कार्यन्वयन गर्ने शिलशिलामा जारी गरेको सार्वजनिक सूचना अनुसार प्रस्तावकले निर्धारित ढाँचामा तयार गरी पेश गरेको आवधारणा पत्र र अन्य आवश्यक कागजाहरुलार्य समेत सम्झनु पर्दछ।

ज) "प्रस्तावक" भन्नाले यो कार्यक्रम बमोजिम प्रस्ताव पेश गर्न योग्य रहेका कृषक/पशु पालन समूह/समिति/सहकारी संघ/संस्थाहरुलाई सम्झनु पर्दछ।

झ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ।

ञ) "विज्ञ केन्द्र" भन्नाले भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ।

ट) "साझेदार" भन्नाले लागत सहभागितामा व्यवसायिक पशुपालन कार्यक्रम संचालन गर्नका लागि सम्बन्धित कार्यलयसँग द्विपक्षीय सम्झौता भएका संस्थालाई सम्झनु पर्दछ।

ठ) "समूह" भन्नाले कम्तिमा दश जना कृषकहरु प्रचलित कानुन बमोजिमको आधिकारिक निकायमा दर्ता वा अभिलेखित भई बनेको कृषक समूहलाई सम्झनु पर्दछ।

ड) "समिति" भन्नाले कम्तिमा पाँच वटा कृषक समूको प्रतिनिधित्व हुने गरी विधानत गठित र सम्बन्धित निकायबाट आधिकारिकता प्रदत्त समितिलाई सम्झनु पर्दछ।

ढ) "सम्बन्धित कार्यालय" भन्नाले कार्यक्रम संचालनको अख्तियारी प्राप्त निकायलाई सम्झनु पर्दछ।

ण) "संस्था" भन्नाले नियमानुसारको आधिकारिक निकायमा दर्ता भएका कृषि/पशु/दुग्ध उत्पादन कृषक/माछा पालन कृषक/समूह/समिति/सहकारी संस्थालाई सम्झनु पर्दछ।

त) "फर्म" भन्नाले आफ्नो व्यवसायमा संचालन गरी नियमानुसार आधिकारीक निकायमा दर्ता भएको व्यवसाय सम्झनु पर्छ।

**३. उदेश्यहरु :** यस कार्यक्रमका उदेश्यहरु देहाय बमोजिम रहेका छन् :

क) पशुपालन क्षेत्रको व्यवसायिक रुपान्तरणमा सहयोग पुर्याउने।

ख) उन्नत नश्लका पशुहरुको उपलब्धता र उत्पादकत्व अभिवृद्धि गर्ने।

ग) असल पशुपालन अभ्यास अनुशरण गर्न प्रेरित गर्दै स्वच्छ, स्वस्थय एवं गुणस्तरीय पशुजन्य उत्पादन प्रवर्द्धन गर्ने ।

घ) पशुपालन, माछा पालन, पकेट क्षेत्रको बजार सम्मको पहुँच विस्तार गरी पशुजन्य उत्पादनको बजारिकरणमा सहयोग पुर्याउने ।

## कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

४. **कार्यक्रम संचालन अवधि :** सम्झौता भएको आर्थिक वर्ष भित्रमा सम्झौता मुताविक कार्यक्रम सम्पन्न गर्नु पर्नेछ ।

५. **सम्भावित साझेदारहरु :** कृषि/पशु/दुग्ध सहकारी संघ/संथा, पशुपालक कृषक समूह/समिति र माछा पालन क्षेत्रमा क्रियाशिल व्यवसायिक संघ/ संगठनहरु साझेदार संस्थाहरु हुने छन् ।

६. **अनुदान रकमबाट संचालन गर्न सकिने कार्यक्रहरु :** यस कार्यक्रम अन्तर्गत प्राप्त हुने अनुदान रकम देहाय बमोजिमका क्रियाकलापमा खर्च गर्न सकिनेछ :-

१) गोठ/खोर निर्माण सुधार तथा जैविक सुरक्षाका उपायहरुको अवलम्बन

२) उन्नत नश्लका पशु ढुवानी अनुदान

३) मिल्क बकेट, क्यान, कन्टेनर

४) पशुपालन फार्मका लागि आवश्यक मेशिनरी/औजार/उपकरण

५) दुध, फुल र मासुजन्य उत्पादन विविधकरण

६) पशु आहारा विकास सम्बन्धि क्रियाकलाप -हे स्टोर, साईलेज निर्माण पीठ घाँस खेति र घाँसको विउ उत्पादन

७) दुध चिस्यान र दुधको बजारीकरण सँग सम्बन्धित

८) फर्मका लागि पानीको प्रबन्ध र पानी तान्ने मोटर

९) पशु उपचार र प्रयोगशाला सेवा

१०) पशु खोप र पशु नश्ल सुधार

११) सम्बन्धित कार्यालयको सहमतिमा व्यवसायिक पशुपालनका लागि आवश्यक ठानिएका अन्य क्रियाकलापहरु समेत द्विपक्षीय सम्झौतामा उल्लेख गरी गर्न सकिनेछ ।

१२) माछा पालन पोखरी निर्माण, पोखरी मर्मत र पशु खरीद गर्ने कार्य गर्न सक्ने छन् ।

१३) पशु जन्य उत्पादनको प्रशोधन, प्याकेजिङ्ग, ढुवानी गर्न सकिनेछ ।

१४) वितीय संस्था बाट ऋण लिई पशु खरिद गरेको भए ऋणको ब्याजमा साझेदारी गर्न सकिने छ ।

७. **अनुदान प्रवाहका शर्तहरु :**

१) प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा दर्ता भएका साझेदारहरु सँग मात्र यो कार्यक्रम संचालनका लागि साझेदारी गरिनेछ ।

२) अनुदान प्राप्त गर्ने साझेदारले कम्तिमा ५ वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

३) सम्बन्धित साझेदारले स्वच्छ उत्पादन विधि (Hygienic Code of Practice) परिपालना गर्नु पर्ने छ ।

४) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कारवाही हुनेछ ।

५) साझेदार संस्था कर चुक्ता, स्थायी लेखा नम्बर र अडिट रिपोर्ट पेश गर्नु पर्ने तथा कुनै कारवाहीमा नपरेको हुनुपर्ने छ ।

६) व्यवसायिक फर्म राम्रो गुणस्तर तथा उत्पादन क्षमता भएका स्वस्थ्य पशुहरुको छनौट र ट्याग गरी अभिलेख राख्नु पर्नेछ ।

७) पशुको गोठ/खोर हावापानी सुहाउँदो, बैज्ञानिक, सफा र हावादार हुन पर्नेछ ।

८) साझेदारले असल व्यवस्थापन विधि जस्तै टिट डिपिङ्ग, परजिवी नियन्त्रण, पशु खोप आदि अवलम्बन गरी सो को विवरण अध्यावधिक गरी राख्नु पर्नेछ ।

९) साझेदारले हरियो घाँसमा आधारित पशुपालनको लागि मौसम र सम्भावना अनुसारका हिउँदे, वर्षे र वहुवर्षिय घाँस खेति तथा हेसाईलेज प्रविधि अवलम्बन गर्नु पर्ने छ ।

१०) साझेदारले पालेका पशुहरुको अनिवार्य रुपमा विमा गरेको हुनुपर्नेछ ।

## ८. कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व :

१) सूँचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानी सम्बन्धि जिममेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

२) सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

३) साझेदार संस्थाले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।

४) अनुदानग्राहीले अनुसूची -१ प्याकेजिङ्ग कार्यक्रम संचालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित  कार्यालयमा उपलब्ध गरानु पर्नेछ ।

## ९) कार्यक्रम कार्यन्वयन प्रक्रिया :

१)  सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम मुताविक अनुसूची -१ बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा वा गाउँपालिकाको फेसबुक पेज, सूँचना पाटी, सम्बन्धित वडा कार्यालय समेतमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

२) कार्यक्रममा सहभागी हुन ईच्छुक प्रस्तावकहरुले अनसूची -२ बमोजिमको आवेदन, अनुसूची -३ बमोजिमको संक्षिप्त कार्ययोजना, अनुसूची -४ बमोजिमको लागत साझेदारीको प्रतिबद्धता पत्र, अनुसूची -५ बमोजिमको भेटेरिरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र र अन्य सान्दर्भिक कागजातहरु संलग्न राखी निर्धारित समय भित्र सम्बन्धित कार्यलयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

३) दफा ९ को उपदफा (१) बमोजिमको सूँचनामा पर्याप्त प्रस्तावहरु दर्ता हुन नआएमा सम्बन्धित कार्यालयले म्याद थप गरेको सात दिने सूँचना प्रकाशन गर्न सक्नेछ ।

४) रितपूर्वक दर्ता हन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेशनका लागि उपयुक्त प्रस्तावहरुको सूचि तथा छनौट भएका प्रस्तावहरुको प्राथमिकीकरण सहितको अन्तिम सूची तयार गर्ने जिम्मेवारी समितिको सदस्य सचिवको हुनेछ ।

५) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक टोली परिचालन गरी फिल्ड भेरिफिकेसन गर्नेछ तथा आवश्यक ठानेमा गाउँपालिका र पशु सेवा शाखामा समेत प्रस्ताव सिफारिस गर्नु पूर्व स्थलगत अनुगमन गर्न सक्नेछ र सम्बन्धित शाखा र कार्यापालीका बाट छनौट गरिनेछ ।

६. प्रस्ताव मूल्याङ्कन अनुसूची -६ र अनुसूची -७ बमोजिम कुल प्राप्ताङ्कको आधारमा तयार गरेको अनुसूची -८ बमोजिम प्राथमिकीकरण सहितको सूँची स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ ।

७. स्वीकृती भएका र बैकल्पिक छनौटमा परेका प्रस्तावहरुको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकि पशु सेवा शाखाले सूचना जारी गर्ने छ ।

८.सम्झौता :

१) स्वीकृत प्रस्तावका आवेदकहरुसँग सम्बन्धित कार्यालयले अनुसूची -९ बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने छ ।

२) सम्झौताको जानकारी सम्बन्धित वडा कार्यालयमा पठाइनेछ ।

३) तोकिएको अवधि भित्र द्विपक्षीय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्ताव सँग सम्झौता गरी कार्यक्रम कार्यन्वयन गरिनेछ ।

४) द्विपक्षीय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

**९. भुक्तनी प्रक्रिया :**

१) वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रही कार्यक्रम संचालनका लागि प्रदान गरिने अधिकत्तम अनुदान रकमको सिमा तोकिनेछ । अर्थात : सम्बन्धित कार्यालयले प्रदान गर्न अनुदान रकमलाई कार्यक्रम संचालन लागतको पचहत्तर प्रतिशत बराबर मानी बाँकी पच्चिस प्रतिशत रकम सम्बन्धित साझेदार संस्थाले व्यहोर्नु पर्नेछ ।

२) साझेदारले व्यहोर्ने घटिमा पच्चिस प्रतिशत साझेदारी रकममा जग्गा र चालु खर्च वापतको रकम समावेश हुने छैन ।

३) सम्पन्न भएका क्रियाकलापहरुको अनुदान रकम बढीमा दुई किस्तामा साझेदारको बैंक खातामा भुक्तानी दिईनेछ । तर कार्य सम्पन्न भएको अवस्थामा एकै किस्तामा अनुदान रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

४) भुक्तानी गरिने रकमबाट नियमानुसारका अन्य सरकारी कर कट्टा गरी बाँकी रकम उपलब्ध गराईनेछ ।

५) सम्बन्धित साझेदारले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरी नियमानुसारको विल/विजक, दाखिला रिपोर्ट, प्राविधिकले तयार गरेको प्रतिवेदन रनिङ्ग विल, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिव लागेमा रनिङ्ग विलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ ।

६) अन्तिम भुक्तानीका लागि आवश्यक विल/विजक, दाखिला रिपोर्ट, प्राविधिकले तयार गरेको मेजरमेन्ट बुक, कार्य सम्पन्न प्रतिवेदन, प्राविधिक प्रतिवेदन र सम्बन्धित कार्यालय वा मातहत निकायका प्राविधिकको स्थलगत निरीक्षण प्रतिवेदन, वडा कार्यालय र पशु सेवा शाखा को सिफारिस सहित सम्बन्धित कार्यालयमा पेशा गर्नु पर्ने छ ।

७) अनुदानग्राहीले कार्य सम्पन्न भए पश्चात सम्बन्धित सरोकारबालाहरुको सहभागितामा सार्वजनिक सुनवाई गुर्न पर्ने छ र सो को प्रतिवेदन अन्तिम भुक्तानीका बखत कार्य सम्पन्न प्रतिवेदन सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने छ ।

**१०.अनुगमन र मूल्याङ्कन :**

१) आवश्यकता अनुसार सम्बन्धित सरोकारवालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गरिनेछ ।

२) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमका शर्तहरु पालन गरे/नगरेको सम्बन्धमा सम्बन्धित कार्यलयले नियमित अनुगमन गर्नेछ ।

३) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिएको निर्देशन पालन गर्नु सम्बन्धित साझेदरको कर्तव्य हुनेछ ।

४) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

५) सम्बन्धित कार्यालयले समय समयमा अनुसूची -१० बमोजिम अनुगमन गर्न कर्मचारीहरु खटाउन सक्नेछ ।

**११. अनुसूचीको प्रयोग संघीय सरकार र प्रदेश सरकारले जारी गरे अनुरुपको अनुसूची ढाँचा प्रयोग हुनेछ ।**

**१२.कारवाही :** यो कार्यविधि बमोजिम अनुदानको दुरुपयोग भएको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

**१३. आर्थिक प्रशासन सेवा :** कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रादेशिक र संघीय सरकारका प्रचलित कानुन बमोजिम हुनेछ ।

**१४.प्रचलित कानुन लागु हुने :** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५. बाधा अड्काउ फुकाउने :** यो कार्यविधि बमोजिम कार्य सम्पादन गर्न कुनै बाधा अडकाउ परेमा स्थानीय सरकार ( गाउँपालिका ) ले आवश्यक निर्णय गरी त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**१६.खारेजी एवं संशोधन :** गाउँपालिकाले आवश्यकता अनुसार यो कार्यविधि खारेजी वा संसोधन गर्न सक्नेछ ।

## एकिकृत पशु स्वास्थ्य शिविर संचालन कार्यविधि २०७७

### पृष्ठभुमि

पशु स्वास्थ्य सेवा सार्वजनिक सम्पतिको रुपमा हेरिदै आएको परिपेक्षमा हाल नेपालमा पशु सेवा विभाग अन्तर्गत केन्द्रिय पशु चिकित्सालय पशु रोग अन्वेषण प्रयोगशाला भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र गाउँपालिका अन्तर्गत पशुसेवा शाखा मार्फत पशु स्वास्थ्य सेवा दिदै आएका छन । हाल आएर गा.पा.को भुगोल अनुसार समान पशु स्वास्थ्य सेवा प्रदान गर्न सकिएको छैन । ब्यावसायिक पशु पालनको बृद्धि सगै पशु स्वास्थ्य सेवा तर्फ विशेषज्ञ सेवाको माग बढ्दै गएको छ । विशेषज्ञहरुको उपलब्धता सहज नभएको यर्थाथतालाई दृष्टिगत गरि यस कार्यक्रम मार्फत पशु पालनको सबै क्षेत्रका विशेषज्ञहरुको उपस्थितिमा एकिकृत पशु स्वास्थ्य शिविर संचालन गर्ने अभिप्रायले गौरीगञ्ज गाउँपालिकाले नीति तथा कार्यक्रम सहज, सरल, प्रभाबकारी र पारदर्शि रुपमा संचालन गर्न एकिकृत पशु स्वास्थ्य शिविर सञ्चालन कार्यविधि २०७७ गौरीगञ्ज गाउँ कार्यपालिकाको कार्यालय पशु सेवा शाखाबाट जारी गरीएको छ ।

➢ **संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम एकिकृत पशु स्वास्थ्य शिविर संचालन कार्यविधि २०७७ रहने छ ।

ख) यो कार्यबिधि स्वीकृत भएको मिति बाट लागू हुने छ ।

➢ **परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।

- मन्त्रालय भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।
- विभाग भन्नाले पशुसेवा विभाग सम्झनु पर्छ ।
- निर्देशनालय भन्नाले पशु स्वास्थ्य निर्देशनालय सम्झनु पर्दछ ।
- कार्यलय भन्नाले भेट्नरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ ।
- कार्यविधि भन्नाले एकिकृत पशु स्वास्थ्य शिविर सञ्चालन कार्यविधि २०७७ गौरीगंज गाउँपालिका सम्झनु पर्दछ ।

➢ **उद्धेश्य :**

यो कार्यविधिको उद्धेश्य देहाय बमोजिमको हुनेछ ।

- व्यवसायिक पशुपालनको पकेट क्षेत्रमा गई कृषक उद्यमीहरुलाई आवश्यक पर्ने सम्पूर्ण पशु स्वास्थ्य सेवा (उपचार, खोप सेवा, गाईनोलोजिकल सेवा, रोग निदान, सर्जिकल सेवा आदि) पशु स्वास्थ्य शिविरको माध्यमबाट उपलब्ध गराईने छ ।
- भेटनेरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्र र पशु सेवा शाखा भन्दा टाढा रहेको कुनैपनी सम्भाव्य स्थानिय कृषक उद्यमीहरुलाई पशु सेवा उपलब्ध गराउन प्रथमिकता दिईने छ ।
- पशुपंक्षीका रोग निदान उपचार नियन्त्रणमा सहयोग पुऱ्याउने छ ।
- पशु स्वास्थ्य तथा भेट्नेरी जनस्वास्थ्य सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने छ ।

➢ **कार्यक्रम सञ्चालन प्रक्रिया :**

- पशु स्वास्थ्य शिविर सञ्चालन गर्नु पुर्व माथिल्लो निकायलाई जानकारी गराउने र शिविर सञ्चालन गर्ने स्थलको छनौट गर्ने छ ।
- पशु सेवा शाखाले आवश्यकता अनुसार त्यस क्षेत्रका कृषक समूह, समितिको माग अनुसार सेवाको पहुंच तथा आवश्यकतालाई शिविर संचालनका लागि स्थान तोकी सम्बन्धित कार्यालयलाई जानकारी गराउने छ ।
- पशु सेवा शाखाले एक हप्ता अगावै स्थानिय सञ्चार माध्यमबाट सूचना प्रवाह गर्ने पोस्टर, पमप्लेट आदिको माध्यमबाट प्रचार प्रसार गर्नेछ ।
- पशु सेवा शाखाले विषेशज्ञको टोलि सहित शिविरका लागि आवश्यक पर्ने औषधि, भ्याक्सिन तथा अन्य सामाग्रीहरुको व्यवस्थापन गर्नेछ ।
- विशेषज्ञ टोलीमा शिविर संचालन हुने गा.पा.को आवश्यकता अनुसार केन्द्रिय पशु चिकित्शालय, भेट्नरी निरिक्षक, पशु स्वाथ्य अनुसान्धान र निजि क्षेत्रमा काम गरिरहेका पशु चिकित्शा क्षेत्रका विज्ञहरु हुनेछन् ।
- एउटा शिविरमा साना ठुला गरि कम्तिमा १०० पशुलाई आवश्यक पशु स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ ।

➢ **आर्थिक कार्यविधि :**

- शिविर संचालनका लागि आवश्यक खर्च नेपाल सरकार, प्रदेश सरकार र गौरीगञ्ज गाउँपालिकबाट पारित मापदण्ड बमोजिम गरिनेछ ।
- एकीकृत पशु स्वास्थ्य शिविरका लागि केन्द्रबाट अउने कर्मचारी तथा आवश्यकता अनुसार विज्ञहरुको दैनिक तथा भ्रमण भत्ताको व्यवस्थापन प्रचलित आर्थिक नियम अनुसार हुनेछ ।

➢ **आर्थिक प्रशासन सेवा :**

कार्यक्रमको लेखन तथा आर्थिक कारोवार गर्दा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधि नियमावलि २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ बमोजिम गरिने छ ।

➢ अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था यस कार्यक्रमको मूल्याङ्कन तथा प्रतिबेदनको व्यवस्था गाउँ कार्यपालिका र त्यस मातहतका वडा कार्यालय र विषयगत शाखा कार्यालयले गर्नेछ ।

➢ थपघट वा हेरफेर गर्न सक्ने

१) यो कार्यविधि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिको हेरफेर तथा खारेजि गर्नसक्ने छ ।

२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध अस्पष्टता आए बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।

# ब्यावसायिक पशुपालनमा ऋणको ब्याजमा अनुदान कार्यक्रम संचालन कार्यविधि २०७७

**प्रस्ताव** :- ब्यावसायिक पशु पालनलाई अझ बढि प्रोत्साहन र आय-आर्जन बृद्धि का साथै स्थानिय तहमा स्वरोजगार सृजना गर्नु ।

**नाम र प्रारम्भ :-** यो कार्यबिधिको नाम **ब्यावसायीक पशुपालन ऋणको ब्याजमा अनुदान कार्यकम संचालन कार्यविधि २०७७ रहनेछ ।**

✓ यो कार्यबिधि तुरुन्त लागु हुने छ ।

**परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा । कार्यविधि भन्नाले ब्यावसायिक पशुपालन ऋणको ब्याजमा अनुदान कार्यकम संचालन कार्यविधि २०७७ सम्झनु पर्छ ।

- कार्यकम भन्नाले ब्यावसायिक पशुपालन ऋणको ब्याजमा अनुदान कार्यक्रम सम्झनु पर्छ ।
- कार्यालय प्रमुख भन्नाले सम्बन्धित कार्यालय प्रमुख सम्झनु पर्छ ।
- साझेदार भन्नाले कार्यक्रम संचालनमा छनौट भएका प्रस्ताबक सम्झनु पर्छ ।
- सम्बन्धित कार्यालय भन्नाले कार्यक्रम संचालनको अख्तियारी प्राप्त निकायलाई सम्झनु पर्छ ।

**उद्धेश्य :-**

- पशु पालन ब्यावसायमा लागेका उद्यमिलाई सहयोग पुऱ्याउने ।
- स्वरोजगारको श्रृजना गर्नु ।
- पशुजन्य उत्पादनको बृद्धि गर्नु ।
- माछा उत्पादनको बृद्धि गर्नु ।
- पशुजन्य उत्पादनको बजार बिस्तार गर्नु ।

**कार्यक्रम संचालन :-**

- कार्यक्रम संचालनका लागि प्रस्तावको आव्हान गरिन्छ जसको समय १५ दिनको हुने छ । प्रस्ताव नपुगे थप ७ दिन थपिने छ ।
- प्रस्ताव छानविनको समय १५ दिनको हुने छ । सफल प्रस्ताबकले १५ दिन भित्र सम्झौता गर्नु पर्छ ।
- ऋणमा ब्याजको अनुदानका साझेदारहरुले पशुपालन, साना डेरी संचालन, डेरी पार्लर संचालन पोल्ट्रीफर्म संचालन, गर्न सक्ने छन ।
- यस कार्यक्रममा बढिमा रु २५०००।- प्रस्ताबकले **ऋणको ब्याजमा अनुदान** पाउने छ (रु ५००,०००।- को पाच प्रतिसतले हुन आउने रकम मात्र)

**ऋणको ब्याजमा अनुदान प्रवाहका सर्तहरु :-**

- प्रचलित कानुन अनुसार स्थानिय तहमा दर्ता भएको हुनु पर्नेछ ।
- स्थायी बसोबास भएको ।
- साझेदार प्रस्ताबकको ब्यावसायिक पुर्वाधार भएको हुनु पर्छ ।
- साझेदार प्रस्ताबकले विमा हुने पशु बस्तुको विमा गरेको हुनु पर्छ ।

- अनुदानको रकम दुरुपयोग गरेको पाईएमा त्यस्ता अनुदान ग्राहिबाट सरकारी बांकी सरह प्रचलित कानुन बमोजिम अनुदान रकम असुल उपर गरीने छ ।

**कार्यक्रम संचालन बारे जिम्मेवारी तथा दायित्व :**

१) कार्यक्रम कार्यान्वयनको शिलशिलामा सूँचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता अनुगमन र भुक्तानी सम्बन्धित जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुने छ ।

२) सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ । साझेदारले कार्यक्रम संचालनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धि कार्यालय वा अन्य निकाय क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्ने छन् ।

**कार्यक्रम कार्यन्वयन प्रक्रिया :**

१) सम्बन्धित गाउँपालिका पशु सेवा शाखाले स्वीकृत वार्षिक कार्यक्रम मुताविक सूँचना प्रवाह गरि प्रस्ताव आवह्नन गर्ने छ ।

२) कार्यक्रममा सहभागि हुन ईच्छुकले दिएको प्रस्तावमा रित पूर्वकको निवेदन, वडा कार्यालयको सिफारीस पत्र र अन्य कागज पत्रहरु संलग्न राखि निर्धारित समय भित्र पशु सेवा शाखामा प्रस्ताव दर्ता गराउनु पर्ने छ ।

३) प्रथम पटकको सूँचनामा प्राप्त प्रस्ताव पर्याप्त नआएमा पून: दोश्रो पटक ७ दिनको सूचना प्रकाशित गरिने छ ।

४) रित नपुगेको प्रस्तावको कुनै कारवाहि हुने छैन ।

५) उपयूक्तताका आधारमा प्राप्त आवेदनहरुको छनौट, फील्ड भेरिफीकेशन सिफारीसका लागि पशु सेवा शाखाले छनौट गरी गाउँ कार्यपालिकामा रित पुगेका प्रस्तावहरु अनुमोदनका लागि पठाउने छ ।

**सम्झौता :**

रित पुगि छनौट भएका प्रस्तावहरु लाई सम्झौता गर्न आउने सूचना दिने समयमा सम्झौता गर्न नआएमा बैकल्पिक उमेद्वार लाई सूचना दिने ।

**भुक्तानि :**

सम्झौता सकिएपछि पशु पालन व्यवसायमा ऋणको व्याजमा अनुदान कार्यक्रमको आवश्यक बैङ्किङ कागजात बुझाई पशु सेवा शाखाको सिफारीसमा चालु आर्थिक वर्षको असार मसान्तसम्ममा भुक्तानि दिने ।

- भुक्तानि लिदा नियम अनुसार कट्टी हुने कर कटाएर मात्र भुक्तानि हुनेछ ।
- यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध अस्पष्टता आएमा बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यापालिका ले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।

# पशुमा नि:शुल्क कृतिम गर्भाधान सेवा कार्यबिधि २०७७

पशुपालनमा कृषकलाई आकर्षित गर्न निर्वाहमुखि पशुपालनलाई व्यावसायमा परिवर्तन गरी पशुपालनमा उन्नत जातको नश्ल सुधार गरि आर्थिक आय आर्जन बृद्धि गर्ने उदेश्यले स्थानीय हावापानी सुहाउँदो बर्णशंकर जातको विकास गर्न कृषकको गोठमा पशुलाई कृतिम गर्भाधान सहयोग कार्यक्रम व्यवस्थित, पारदर्शी र प्रभावकारी ढंगले संचालन गर्न उपयूक्त भएकाले गौरीगंज गाउँपालिका पशु सेवा शाखाले यो कार्यविधि जारी गरीएको छ ।

**नाम र प्रारम्भ :**

- पशुमा कृतिम गर्भाधान सहयोग कार्यक्रम कार्यविधि २०७७ रहने छ ।

**कार्यक्रमको उद्देश्य :-** यो कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहनेछ ।

- पशु पालन व्यावसायमा लाग्नेलाई सहयोगी हुनेछ ।
- कृषकहरुले राँगो, साँढे, बोका, बिर पाल्नुपर्ने झन्झट नहुने ।
- कृषकको घर, गोठमा उन्नत पशुको नश्ल जन्माउने ।
- दुध, फूल र मासुको उत्पादनमा बृद्धि गर्ने ।
- पशुमा लाग्ने सरुवा तथा महामारी जन्यरोग नियन्त्रणमा सघाउ पुग्ने ।
- छोटो समयमा धेरै उन्नत नश्लको पशु उत्पादन हुने ।
- कृषकलाई कृषि मा लाग्ने आर्थिक भार कम गराउने ।
- सबै तहका कृषक वर्गहरुमा समान सेवामा पहुँच पुग्ने ।
- हाडनाता प्रजनन (inbreeding) बाट उत्पादकत्वमा हुने ह्रास नहुने ।

**कार्यक्रम संचालन :**

- चालु आ.व. को शुरुवात बाट नै यो कार्यक्रम शुरु हुने छ । (साउन १ गते बाट)
- पशुमा निशुल्क कृतिम गर्भाधान सहयोग कार्यक्रम संचालन गर्न गौरीगंज गा.पा.का पशु सेवा शाखामा रहेका प्राविधिकहरु परिचालन गरिने छ ।
- साविक गाउँविकास समितिलाई आधारमानि एक/एक प्राविधिक पायक पर्ने वडा कार्यालयमा प्राविधिकलाई पशु सेवामा काम काज गर्न खटाईने छ ।
- वडा कार्यालयमा एक एक वटा ट्रेविज निर्माण गरिने छ ।
- काम गरिसके पछि कृषकको हस्ताक्षर, फोन नम्बर सहितको भरपाई सम्बन्धित प्राविधिकले मासिक तथा पाक्षिक रुपमा सम्बन्धित पशु सेवा शाखामा बुझाउनु पर्ने छ ।
- कृतिम गर्भाधान कार्यक्रममा खटिएका प्राविधिकले कृषकको घरगोठमा सेवा प्रदान गर्नेछन् ।

- पशु सेवा शाखा र वडा कार्यालयमा ल्याउन सकिने पशुलाई कार्यलयमा नै नि:शुल्क कृतिम गर्भाधान गरिदिने व्यवस्था गरिएको छ । पशुलाई कृतिम गर्भाधान गर्दा पटकपटक दोहोरीएमा दोहोरो भुक्तानि लिइने छैन ।

**श्रोत साधनको उपलब्धता :-**

गाउँकार्यपालिकाले आवश्यक पर्ने तरल नाईट्रोजन, सिमेन, सिथ, ग्लोव, एआई गन, रेफ्री र नाईट्रोजन धुवानि गा.पा बाट उपलब्ध गराईनेछ ।

**पारिश्रमिक :**

चालु आ.व.को गाउँपालिकाको स्वीकृत पशु नश्लसुधार कार्यक्रममा विनियोजित बजेटबाट प्रत्येक चौमासिकमा कार्य सम्पादन भएको कामको आधारमा एकमुष्ट रु ३००।-(तिन सयका) दरले भुक्तानि दिइनेछ ।

**भुक्तानीका आधारहरु :**

- पशु सेवा शाखाको सिफारीस
- कृषक कार्डको अर्धकट्टी वा बिलको अर्धकट्टी
- मासिक प्रगति विवरण फारम
- वडा कार्यालयको सिफारिस

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध अस्पष्टता आएमा बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यापालिका ले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।

फारम नः- १

गौरीगञ्ज गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

पशु सेवा शाखा

प्रजनन योग्य पशु रेकर्ड

| क.स | कृषकको नाम | ठेगाना | पशु सख्या | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गाई | साढे | भैसी | रागा | बाखा | बोका | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा
१ नं. प्रदेश, नेपाल
२०७३

फारम नः-२

# गौरीगञ्ज गाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय
## पशु सेवा शाखा
## प्रजनन योग्य पशु रेकर्ड

| सि.न. | कृषकको नाम | ठेगाना | गाई | | | | | भैसि | | | | | बाखा | | | | | | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | माउँ | गोरु | कोरली | बाछा | बाछि | माउँ | रागा | थोरे | पाडा | पाडी | विउको बोका | माँउ | खसी | बोका | पठेङ्गी | पाठा | पाठी | कुखुरा | हास | परेवा |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

# पशु विमामा थप अनुदान कार्यविधि २०७७

**पृष्ठभुमि :-** पशुपालन ब्यावसायमा पशु विमा कृषकको सहयोगि भएको छ। विमालाई भरपदा विश्वासिलो बनाउन गौरीगञ्ज गाउपालिका पशु सेवा शाखाले कार्यविधि तयार पारेको छ।

नेपाल सरकार बाट जारी विमा ऐन २०४९ को दफा ८ (घ) ले दिईएको अधिकार प्रयोग गरी विमा समिति कृषि विकास मन्त्रालयको सहयोगमा र समन्वयमा बालि तथा पशु पंक्षि विमा निर्देशिका २०६९ माघ १ गते बाट लागु हुने गरी जारि गरे अनुरुप कृषि/पशुपालन क्षेत्रमा लाभग्राहीहरुले सुविधा पाउने व्यवस्था नेपाल सरकारले मिलाई विमा शुल्कको ७५% रकम नेपाल सरकारले उपलब्ध गराउने छ र बाँकी २५% विमा शुल्कको रकम कृषक आफै वा कृषक आबद्ध संघ सस्था र स्थानिय निकाय ले तिर्नु पर्ने हुन्छ।

**नाम र प्रारम्भ :-** यो कार्यविधिको नाम पशु विमामा थप अनुदान कार्यविधि २०७७ रहने छ।
**परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।

- कार्यविधि भन्नाले पशु विमामा थप अनुदान कार्यक्रम संचालन कार्यविधि २०७७ सम्झनु पछ।
- कार्यक्रम भन्नाले पशु विमामा थप अनुदान कार्यक्रम सम्झनु पर्छ।
- कार्यालय प्रमुख भन्नाले सम्बन्धित कार्यालय प्रमुख सम्झनु पर्छ।
- साझेदार भन्नाले कार्यक्रम संचालनमा छनौट भएका प्रस्तावक सम्झनु पर्छ।
- सम्बन्धित कार्यालय भन्नाले कार्यक्रम सचालनको अख्तियारी प्राप्त निकायलाई सम्झनु पर्छ।
- अनुदान भन्नाले कार्यक्रम संचालनका लागी सम्बन्धित साझेदारलाई गाउँपालिका बाट प्रदान गरिने रकम वा जिन्सी सामाग्रि लाई सम्झनु पर्दछ।

**उदेश्य :-**

- पशु पालन ब्यवसायमा सहयोग पुग्ने छ।
- पशुधनबाट हुने क्षतिलाई न्युनिकरण गर्दछ।
- कृषकलाई राहतको अनुभुति हुनेछ।
- पशु ब्यावसायलाई निरन्तरता दिइनेछ।

**कार्यक्रम संचालन सम्बन्धि ब्यावस्था :-**

१) कार्यक्रम संचालनका लागी गा.पा. पशु सेवा शाखाबाट सुचना प्रकाशन गर्ने।
२) गा.पा. पशु सेवा शाखाबाट सुँचना प्रकाशन गरे पछि पशु विमा गर्न ईच्छुक किसानले वडा कार्यालयमा प्रस्ताव दर्ता गर्ने।
३) विमाका लागी छनौट भएका पशुको विमा गर्नु पुर्व पशुको मुल्याङ्कन पशु धनि, प्राविधिक, विमा कम्पनि वा अभिकर्ता सहितको त्रिपक्षिय समझदारिमा पशुको मुल्याङ्कन हुने छ। मुल्याङ्कन हुन नसक्ने अवस्था भएमा खरिद विललाई आधार मानिनेछ।
४) पशुको बढी मुल्याङ्कन हुने भएमा बढी मुल्यको प्रिमियम (बढी शुल्क) किसान ले तिर्नु पर्नेछ।
५) वडा कार्यालयमा दर्ता भएका प्रस्तावहरु मध्येबाट वडामा छनौट भई गा.पा. पशु सेवा शाखामा प्रस्ताव पठाउने काम हुनेछ।

गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा
१ नं. प्रदेश, नेपाल
२०७३

६) गा.पा. पशु सेवा शाखाबाट चालु आ.व. का लागी छुट्याईएको बजेटले के कति पशुको विमा गर्न सकिन्छ सोहि अुरुप विमा कम्पनि वा विमा अभिकर्ता सगं सम्झौता गरी पशुमा टंयाग लगाउने काम गर्नेछ ।

७) पशुको स्वास्थ्य परिक्षण पशु सेवा शाखाका प्राविधिकले गर्ने छन । पशुको ट्याग पशु सेवा शाखाका प्राविधिकको उपस्थितिमा लगाउनु पर्छ साथै पशु स्वास्थ्य परिक्षण र ट्यागिङ्ग गरेको पारिश्रमिक प्रविधिकलाई भुक्तानि गरिनेछ ।

८) विमा गर्ने गाई भैसीको दैनिक दुध उत्पादा ६ लिटर भन्दा माथि हुनु पर्छ ।

**सम्झौता :-**

- गाउँ कार्यापालिका पशु सेवा शाखा र विमा कम्पनि वा विमा अभिकर्ता बिच द्धिपक्षिय सम्झौता गरी कार्यक्रम कार्यन्वयन हुने छ ।
- सम्झौता भएको जानकारी गा. पा. र वडा कार्यालयहरुमा पठाईने छ ।
- सम्झौता तोकिएको अवधिमा काम नभएमा वैकल्पीक विमा कम्पनि वा विमा अभिकर्ता बिच द्धिपक्षिय सम्झौता गरी कार्यक्रम कार्यन्वयन गर्न सकिने छ ।

**भुक्तानि :–**

- वडा कार्यालयको अनुगमन प्रतिबेदन – १
- वडा कार्यालयको काम सम्पन्न सिफारिस – १
- आवश्यक भएमा सरोकार वालाहरुको अनुगमन प्रतिबेदन – १
- गाउँ कार्यापालिका पशु सेवा शाखाको भुक्तानिका लागी सिफारिस– १
- अन्य : आर्थिक नियम अनुसार हुने छ ।

**कारवाहि :-** यो कार्यविधि बमोजीम अनुदानको दुरुपयोग भएको पाईएमा प्रचलित कानुन बमोजीम कारबाही गरी अशुल उपर गरीने छ ।

**प्रचलित नियम कानुन :-** कार्यक्रम कार्यन्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमा्जिम हुने छ ।

**खारेजि एवं संसोधन :-** गौरीगञ्ज गाउँपालिकाले आवश्यकता अनुसार यो कार्यविधि खारेजी वा संसोधन गर्न सक्नेछ ।

**यस कार्यविधिको कार्यान्वियनमा कुनै बाधा अवरोध अस्पष्टता आएमा बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यापालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।**

# पशु पालन ब्यवसायमा यान्त्रिकरण उपकरण/औजार वितरण

करिब दुई तिहाई जनसंख्या कृषि पेशामा निर्भर रहेको नेपालको कृषि प्रणालीमा अझै पनि न्यून मात्रामा यन्त्र उपकरणहरुको प्रयोग भएको पाईन्छ । स्वदेशमा रोजगारको अवसरहरु कम भएका कारण वैदेशिक रोजगारका लागि विदेश पलायन हुने युवाहरुको संख्या दिन प्रति दिन बढ्दो क्रममा रहेको कारणले पशु पालन व्यवसायलाई व्यवसाय गर्ने जनशक्तिको अभाव पनि बढ्दो छ । पशु पालन निर्वाहमुखी व्यवसायमा मात्र सिमित नराखि प्रभावकारी रुपमा व्यवसायिक एवम् प्रतिस्पर्धी बनाउनका लागि यन्त्र उपकरणहरु प्रयोग गर्न नितान्त आवश्यक भैसकेको छ । तसर्थ पशुपालन ब्यावसायलाई आधुनिकिकरण गरि व्यवसायिक एवम् प्रतिस्पर्धात्मक बनाउन यान्त्रिकरण पद्दति कम अपनाईएका क्षेत्रहरुमा वाली तयारी देखि चुटानी सम्म प्रयोग हुने साना मेशिनरी औजार उपकरणहरुको सेटमा कृषकहरुको पहुँच बढाउन पशु दाना क्मिचर, काट्ने मेशिन (रिपर) ,च्याप कटर ,इलेक्ट्रोनिक मदानि, मिल्कीङ्ग मेसिन, चिलिङ्ग भ्याट, रेफ्रिजेनेटर, डिपकोल भेन आदिमा अनुदान दिई प्रोत्साहन गर्न आवश्यक भएकोले यस गौरीगंज गा.पा.पशु सेवा शाखाले यान्त्रिकरण कार्यक्रमलाई विशेष महत्व दिएको हो ।

**नाम र प्रारम्भः**

यो कार्यविधिको नाम "पशु पालन ब्यावसायमा यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०७७" रहेको छ ।

**परिभाषा :-**

- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा "यन्त्र उपकरण" भन्नाले यस कार्यविधि माथि उल्लेख गरिए बमोजिमका यन्त्र उपकरणहरुलाई सम्झनु पर्दछ ।
- "उपभोक्ता" भन्नाले अनुदानमा कृषि यन्त्र उपकरण लिन ईच्छुक पशुपालन व्यवसाय गर्ने उद्देश्य लिई प्रचलित कानुन बमोजिम दर्ता भएका पशुपालक कृषक, समुह, कृषि सहकारी, निजी पशु फर्म, तथा व्यक्तिगत वा कृषकलाई सम्झनु पर्दछ ।
- "आपुर्तिकर्ता" भन्नाले यन्त्र उपकरण उपलब्ध गराउने कम्पनि, वितरक, एजेन्ट डिलर आदिलाई सम्झनु पर्दछ ।

**उद्देश्यः-**

- विशेष गरी पशुपालन ब्यवसाय र पशु जन्य बस्तु उत्पादनमा यान्त्रिकरण गर्न सहयोग पुऱ्याउने ।
- प्रति इकाई उत्पादन वृद्धि तथा उत्पादन लागत घटाउने ।
- युवा जनशक्तिलाई पशुपालन ब्यवसायमा आकर्षित गर्ने/गराउने ।
- पशु पालन ब्यवसायमा आधुनिकिकरण, व्यवसायिकरण एवम् प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारको अवसर श्रृजना गर्ने ।
- दक्षं जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्ने प्रयास गर्ने ।

**कार्यविधिः-**

- पशु सेवा शाखा बाट १५ देखि २१ दिनेको सूचना प्रकाशित गरिनेछ ।
- चिलिङ्ग भ्याट, रेफ्रीजेनेटर, मिल्किङ्ग मेसिन, डिपकोल भेनको हकमा कम्तिमा १० माउँ गाई वा ५०० लिटर दुध जम्मा गर्ने कृषक वा व्यवसायीहरुले मात्र आवेदन दिन पाउने छन् । प्राप्त आवेदनहरुको फिल्ड अनुगमन गरी पशु सेवा शाखाले प्रतिवेदन पालिकामा बुझाउने छ ।
- प्राप्त आवेदनहरु मध्ये बाट पालिकाको कार्यपालिका बोर्ड र पशु सेवा शाखाले छनौट गर्नेछ ।

- छनौट भएका कृषकहरुबाट उनीहरुले तिर्नुपर्ने अनुदानको रकम लिई उनीहरुलाई सामाग्री वितरण गरिने छ ।

**अनुदानमा वितरण गरिने यन्त्र/औजार उपकरण**

| सि.नं. | कृषि औजार उपकरण | अनुदान रकम (%) | कैफियत |
|---|---|---|---|
| १. | च्यापकटर | ५०% | |
| २. | ईलेक्ट्रोनिक मदानी | ८०% | |
| ३. | चिलिङ्ग भ्याट | ५०% | |
| ४. | रेफ्रीजिनेटर | ७५% | |
| ५. | मिल्किङ्ग मेसिन | ५०% (१ लाख सम्म) | |
| ६ | डिपकोल भेन | ७५% | |
| ७ | पशु दाना मिक्चर मेशीन | ७५% | |

:

**कृषक समुह गठन/पुनर्गठन**

- यस गौरीगञ्ज गाउँपालिकाका पशु पालक कृषकहरुलाई नयाँ समुहमा संगठित हुनको निमित्त प्रसार कार्यकर्ताहरुले लक्षित स्थान क्षेत्रको विभिन्न ठाउँमा कृषक भेला गरि समूहको उपयोगिता बारे जानकारी गराईनेछ ।
- नयाँ समूह गठन गर्नुपर्दा स्थानीय जनसमुदायहरुको भेला गरी आवद्ध हुन आग्रह गर्ने र स्व:स्फूर्त रुपमा गठन भई पशु सेवा शाखामा सम्पर्क गर्न आउने समूहहरुलाई समेत समेटी प्राविधिक सहयोग पुऱ्याइने छ ।
- पशु पालक कृषक समूह गठन गर्दा एक घर परिवार बाट एक भन्दा बढि सदस्य नहुने गरी न्यूनतम १५ जना देखि २५ जना सम्म सदस्य रहने छन् ।
- .कुनै स्थानमा पहिले देखि रहि रहेका पशु पालक कृषक समूहहरु छन् भने ति समूहहरुको पहिचान गरी नवीकरण गरिनेछ ।
- प्रत्येक आर्थिक वर्षमा नयाँ समूह भए गठन र पुराना भए नवीकरण गरी पालिकाको पशु सेवा शाखाले समूहहरुको समूह विवरणको अभिलेख राख्नु पर्नेछ । यसका लागि कृषक समूहहरुलाई समूह विवरण फारम पशु सेवा शाखाबाट उपलब्ध गराईनेछ ।

**तालिम**

**पालिका स्तरिय र स्थलगत कृषक तालिम** :- कृषकहरुको ज्ञान, सीप अभिवृद्धि गर्नका लागि कृषिका विभिन्न विषय विशेष तालिमहरु पालिका स्तरमा संचालन गरिनेछ ।

- तालिममा पालिका भित्रका आवश्यकता अनुसारका कृषक सहभागी हुनेछन् । सहभागी मध्ये ३३ प्रतिशत महिला सहभागिता गराईनेछ ।
- तालिममा १ दिनमा ४ वटा कक्षा भन्दा बढि कक्षा राखिने छैन ।
- तालिमका लागि सहभागी कृषक छनौट सम्बन्धित वडा कार्यालय र पशु सेवा शाखाको समन्वयमा गरिनेछ ।

- ❖ तालिम संचालन पालिकामा कार्यरत प्रा.स./ना.प्रा.स. तथा बाह्य विशेषज्ञहरुलाई प्रशिक्षकका रुपमा सहभागी गराइनेछ ।
- ❖ तालिम संचालनका खर्चका शिर्षक र रकम नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम हुनेछ ।

**कार्यक्रम तर्जुमा गोष्ठी**

पशु सेवाका कार्यक्रमहरु वास्तवमा सबै कृषकका लागि नै हुन्छन् । आवश्यकता अनुसार कृषकहरुलाई पशु विकास शाखामा भेला गराई कुनै खास जातका पशु विशेष वा समस्या विशेष विषयलाई लिएर छलफल गरी समाधान खोज्न गरिने गोष्ठी नै कार्यक्रम तर्जुमा गोष्ठी हो ।

**कार्यविधि-**

- ❖ सर्वप्रथम के विषयमा कस्ता कृषकहरु समावेश गरी छलफल गर्ने हो ? अग्रिम रुपमा तयारी गरिनु पर्दछ ।
- ❖ अग्रिम सुचना प्रवाह गरिनु पर्दछ ।
- ❖ गा.पा.भित्रका सक्रिय सम्पूर्ण कृषक समुहहरु मध्येबाट कृषकहरु सहभागी गराई गोष्ठीको शुरुवात पशु प्राविधिकबाट गरी कृषकहरुलाई छलफलमा अभिप्रेरित गर्दै सबैको सहभागी जुटाउनु पर्दछ ।
- ❖ अन्त्यमा केहि निष्कर्ष निकाली सोही अनुसारको आगामी आ.व.को कार्यक्रम तय गर्नु पर्दछ ।

**अन्तर जिल्ला कृषक अवलोकन भ्रमण**

कृषकहरुलाई वरपरका जिल्लाहरुका पशु जन्य उपजहरुको उत्पादन स्थल वा फर्महरुमा भ्रमण गराई पशुजन्य उत्पादन कार्यक्रमसंग आवद्ध गराउन सकिनेछ । यस्तो भ्रमणबाट कृषकहरुले विभिन्न जिल्लाहरुका कृषि प्रविधिहरु बारे अवलोकन गरी सिक्ने मौका पाउँनुका साथ साथै नौलो उन्नत प्रविधि देखेर त्यसबाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्न टेवा पुग्दछ ।

❖ **कार्यविधि-**

क) भ्रमणको लागि पढ्लेख गर्न जान्ने र देखेका प्रविधि सिक्न र अरुलाई पनि सिकाउने भावना भएका कृषक छनौट गर्नु पर्दछ ।

ख) भ्रमण कार्यक्रम (अवलोकन स्थल, बस्ने स्थल) अग्रिम रुपमा तयार गरी भ्रमण गरिने स्थलको सम्बन्धित व्यक्तिहरु तय गरी भ्रमण कार्यक्रम प्रारम्भ गर्नु पर्दछ ।

ग) भ्रमणको क्रममा सबैलाई सक्दो सहुलियत दिई लाभप्रद तुल्याउनु पर्दछ र अन्त्यमा समिक्षा गर्नुपर्दछ ।

❖ **अवधि-**

३ -५ दिन

❖ **सहभागी कृषक-**

आवश्यकता अनुसार अधिकतम् ३० देखि ४० जना सम्म ।